# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः-

चलानी नं.:-

**सहकारी संस्थाकहरुका ऋणी। सदस्यहरुलाई ऋण भुक्तान गर्ने सम्बन्धी जरुरी सूचना !**

प्रकाशित मिति: २०८१-०३-१८

ने.सं. ११४४ तछलगा ११ मंगलवार

सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणी सदस्यहरुले तोकिएकव समयभित्र ऋणको साँवा तथा व्याज चुक्ता नगर्दा सदस्यहरुको वचत फिर्तामा नकारात्मक असर पारेको छ । सहकारी ऐन, २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० तथा लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को दफा ६४ र लुम्बिनी प्रदेश सहकारी नियमावली, २०७६ को नियम २३ र गैडहवा गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ५८ मा सहकारी संस्थाहरुले ऋण तथा बाँकी वक्यौता असुली गर्ने सम्बन्धि व्यवस्थाहरु रहेको व्यहोरा सबैमा विदित नै छ । अ:त: प्रचलित कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सहकारी संस्थाहरुलाई आफ्ना सदस्यहरुको वचत समयमा फिर्ता गर्ने तथा ऋण तथा बाँकी वक्यौता असुली गर्ने तर्फ थप क्रियाशील रहन अनुरोध गरिन्छ ।

साथै, सहकारी संस्थाका सम्पूर्ण ऋणी सदस्यहरुलाई प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको वर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो सोही बमोजिम ऋणको सावाँ र व्याज लगायतका रकम सम्बन्धित सहकारी संस्थामा समयमानै भुक्तान गरी जिम्मेवार सदस्यको दायित्व पुरा गर्नुहुन निर्देशन गरिन्छ ।

.........................................

(दर्ता अधिकारी)

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत


E-mail: gaidahawagaupalika@gmail.com

Website: gaidahawamun.gov.np